सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४
९८५२८३७५८२

■ बर्ष-१५, ▸▸ अंक ३५१ ▸▸ असार २६ शनिबार,२०७८, July–10 Saturday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/-www.majhkharka.com

# सुरक्षाफौजको बलले थालिएको काम संसदले रोके

❖ बुद्धि कुमार राई





असार १८ गत्ते शुक्रबार जिल्ला प्रहरी कार्यलय उदयपुरको प्रमुख भएर आएका प्रहरी उपरिक्षक (एस.पि) सुबासचन्द बोहराले असार २५ गत्ते शुक्रबार जिल्ल प्रहरी कार्यलय उदयपुरमा जिल्लाका पत्रकारहरुसंग परिचय कार्यक्रम गरी आफु कसैको दबाबमा नपरी नितितियमलाई पालना गर्ने बताए। तस्विर–बुद्धि

कटारी, असार २५

निर्माणाधीन सोलु करिडोरको काम सुरक्षाफौज लगाएर थालिएको घट्नाप्रति निवर्तमान सांसद सुरेककुमार राईले असहमति जनाउँदै काम रोकेका छन्। केहीदिनयता सुरक्षाफौज राखेर सुरु गरिएको सोलु करिडोरअन्तर्गत विद्युतीकरणको कामप्रति कटारी नगरपालिका ४ मरुवाका स्थानीयले असहमति जनाउँदै नगरपालिकामा शुक्रबार विहान तालाबन्दी गरेका थिए।

नगरपालिकाले प्रशासन र करिडोर आयोजना कार्यालयसँग छलफल गरेर निश्कर्षमा पुग्ने सर्तमा साँझ ताला खोलिएको थियो। जस अनुसार सर्वपक्षीय छलफल गर्न राजधानीदेखि कटारी आईपुगेका निबर्तमान सांसद राईले जनताको चाहनाविपरित विकासको नाममा जवरजस्ती गर्नु अन्यायपूर्ण हुने भन्दै काम रोक्न आग्रह गरेका छन्।

सांसद राईले घट्नास्थलको निरीक्षण अवलोकन गर्दै नेपाल सरकारले निर्णय गरे अनुसारको एलाईनमेनट बदल्नुपर्नेमा जवरजस्ती काम गर्न लगाएर सरकारले जनविरोधी गतिबिधि गरेको बताए। उनले स्थानीयको भावनामाथि ठेस पुग्ने गरी जवरजस्ती गर्नु अन्याय हुने भन्दै सहमति कायम नगरेसम्म काम अघि नबढाउन आग्रह गरे। स्थानीयसँग सहमति, सहकार्य नगरी एकतर्फी ढंगले काम गर्दा बिबाद उत्पन्न भएको भन्दै उनले बिबाद समाधान नभएसम्म काम अघि नबढाउन सुझाए।

मात्र काम अघि बढाउन जनताले प्रतिकार गरे त्यसको परिणामको जिम्मेबार स्वयं हुनुपर्ने चेतावनी प्रशासनलाई दिए।

सोलुकरिडोर अन्तरगत पर्ने मरुवाका १६ घर परिवारको जमिनको मुआब्जा माग्दै स्थानीले २ वार्षअघि नै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको थियो। सांसद राईकै रोहबरमा मेयर श्रेष्ठले प्रधानमन्त्री केपी ओलीलाई ज्ञापनपत्र बुझाएका थिए। ज्ञापनपत्र बुझाएपछि सरकारले स्थानीयको समस्या सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो।

जस अनुसार स्थानीयको जमिनको मुआब्जा दिने निर्णय भएको थियो। मुआब्जा दिने भएपछि नगरपालिकाले प्रतिधुर २ लाख ५० हजारका दरले मुआब्जा दिनका लागि सिफारिस गरेको थियो। तर, जिल्ला जग्गा व्यवस्थापन समितिले प्रति धुर १ लाखका ेको छ। प्रमुख जिल्ला अधिकारी संयोजकत्वको समितिले गरेको निर्णयप्रति स्थानीयले असहमति जनाउँदै बिबाद गरेपछि काम रोकिन पुगेको स्थानीयहरुको भनाई छ।

सोलु करिडोर १ सय ३३ किलोभोल्ट प्रशारण लाईनको विद्युत आयोजना हो। सोलुखुम्बुको तिङ्लाबाट सिरहाको मिर्चया जोड्ने प्रशारण लाईन ९० किलोमिटर दूरीमा ३ सय २ वटा टावर

बाकी २ पेजमा-

# अशक्त,अपांगतालाई त्रियुगाको घर घर पुगेर भत्ता

❖ महेश्वर चाम्लीङ





अशक्त, अपांगतालाई त्रियुगाको घरघर पुगेर भत्ता

गाईघाट, असार २५

त्रियुगा नगरपालिकाले शारिरीक अपाङ्गता तथार अशक्त व्यक्तिलाई घरघर पुगेर सामाजिक सुरक्षा भत्ता बितरण गर्न थालेको छ। बैंकसम्म पुग्न नसक्ने अशक्त तथा अपाङ्गता भएका सेवाग्राहीलाई नगरप्रमुख बलदेव चौधरीले घरमै पुगेर भत्ता बितरण गर्न थालेका हुन्।

अपाङ्गता तथा अशक्तहरु बैंकसम्म आएर भत्ता लिन नसक्ने समस्यालाई मध्यनजर राख्दै मेयर चौधरीले घरमै गएर भत्ता बिरतण गरेका हुन्। जस अनुसार मेयर चौधरीले ७ नं. वडाको गुन्टे पुगेर ७३ वर्षीया सनमाया दनुवारलाई भत्ता बितरण गरे। त्यस्तै सोही वडाको कालीखोलाकी ७६ वर्षीया मनमाया घिमिरेलाई पनि घरमै गएर मेयर चौधरीले भत्ता रकम हस्तान्तण गरे।

नगरका अन्य अशक्त तथा अपाङ्गता भएका सेवाग्राहीलाई पनि घरमै पुगेर भत्ता बितरण गर्ने योजना नगरपालिकाले बनाएको छ। स्थानीय सरकारको मान्यता पाएको नगरपालिकाले जनताको सहजताका

बीक २ पेजमा-

आग्रह जवरजस्ती गरेमा

## आमन्त्रण



जन्म-२०३४-६-९

स्वर्गारोहण
बि.स. - २०७८-३-१५

स्वर्गिय - सुर्यबहादुर खड्का(अमृत)

यहि मिती २०७८ साल असार १५ गत्ते मंगलबारका दिन मेरो जेष्ठ सुपुत्र स्वर्गीय सुर्यबहादुर खड्का(अमृत) असामहिक स्वर्गरोहन भएकाले २०७८ साल असार २६ गत्ते शनिबारका दिन १३ औं पुण्य तिथि पर्न गएकाले उक्त अवसरमा उपस्थित भई शुद्धी प्रशाद ग्रहण गरिदिनहुन सादर निमन्त्रणा गर्दछौ।

समय र मिति-
मिति-२०७८-३-२६ शनिबार
समय - विहान १० बजेदेखि
स्थान - निजी निवास त्रि.न. पा. १० बोक्से, आदर्श टोल
सम्पर्क ९८४२९१६८४९

प्राथि
आमा - कृषाकुमारी खड्का
शोकाकुल परिवार
श्रीमती- सृजना खड्का
छोरा- आदित्य खड्का
छोरीहरु - अनुपमा,आशा खड्का
सर्म्पुण शोकाकुल खड्का परिवार

# युरोकप....

थियो । त्यसपछि सेमिफाइनलमा स्पेनसँग निर्धारित समय १-१ को बराबरी र थप अतिरिक्त समय पनि १-१ कै बराबरी कायम भएपछि पेनाल्टी सुटआउटमा ४-२ ले बाजी मार्दै फाइनल आइपुग्यो ।

यता इंग्ल्याण्डको यात्राभने उल्टो रह्यो । समुह चरण मुस्कीलले जीत तथा बराबरी खेल्दै नकआउट चरण आइपुगेको इंग्ल्याण्डले प्रि-क्वाटरफाइनलमा जर्मनीलाई २-० अनि क्वाटरफाइनलमा युक्रेनलाई ४-० ले सहजै पराजित गऱ्यो। सेमिफाइनलमा डेनमार्कलाई २-१ ले हराएको चाहि कन्ट्रोभर्सि अर्थात विवादित नै भएको थियो । डेनमार्कसँग १-१ को बराबरी भएको अवस्थामा ७४ औं मिनेटमा पाउनुपर्ने पेनाल्टी डेनमार्कलाई नदिइएको तर ३० मिनेटको अतिरिक्त समय थप भएपछि १०४ औं मिनेटमा चाँहि हुँदै नभएको पेनाल्टी इंग्ल्याण्डलाई दिइएको भन्दै आलोचना भएको थियो ।

उक्त पेनाल्टीमा गोल गर्न नसकेपनि रिबाउण्डमा आएको बलमा गोल गर्दै कप्तान ह्यारी केनले इंग्ल्याण्डलाई पहिलोपटक यूरोकपको फाइनल पुऱ्याए । उक्त विवादस्पद पेनाल्टीको डेनमार्कको समर्थकमात्र नभएर इंग्ल्याण्डबाहेक अन्य सबै देशका समर्थकले आलोचना गर्दै डेनमार्कलाई साथ दिएका थिए । त्यसबाहेक खेल सुरुहुनुअघि डेनमार्कको राष्ट्रिय गान बज्दा रंगशालामा इंग्ल्याण्डका समर्थकले हल्ला गरेको, पेनाल्टी प्रहार गर्नेबेला इंग्ल्याण्डका समर्थकले डेनमार्कका गोलरक्षकको अनुहारमा लेजर लाइट देखाएको आदि विषयमा यूइएफएले छानबिन गरेर इंग्ल्याण्डलाई कारबाहि गर्ने तयारि गरेको छ । अब इंग्ल्याण्ड र ईटालीको फाइनल खेल नेपाली समयअनुसार सोमबार बिहान १२:४५ हुनेछ ।

# उदयपुरका थप १७ जनामा कोरोना संक्रमण पुष्टि

❖ बेदकुमारी राई

*गाइघाट,असार २५*

उदयपुरमा आज (शुक्रबार) थप १७ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुरसार ८ पुरुष र ९ महिला गरी १७ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै जिल्लामा संक्रमितको संख्या २ हजार ५०१ जना पुगेको छ ।





आज थपिएका संक्रमितहरु त्रियुगा, बेलका र कटारी नगरपालिकाका रहेका छन् । सबै भन्दा बढी त्रियुगामा ८ जनामा संक्रमण पुष्टि भएको छ। जसमध्ये ५ पुरुष र ३ महिला रहेका छन् ।त्यस्तै, बेलकामा १ पुरुष र ५ महिलागरी ६ जना र कटारीका २ पुरुष र १ महिला गरी ३ जनामा संक्रमण पुष्टि भएको स्वास्थय कार्यालयको तथ्याङकमा उल्लेख छ ।

मुक्त हुनेका संख्या १ हजार १७९ पुरुष र ९८० महिला गरी २ हजार १५९ जना रहेका छन् । जिल्लामा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ३४ पुरुष र १६ महिला गरी ५० जना पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ ।




यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड बिमला कोल्ड स्टोर, तिम्ला फोटो स्टुडियो सँगै ।

सम्पर्क-९८४२८७६६८४ -९८४२८७६६८४






प्रोपाईटर - **अगम चामलिङ राई, ९८०७७६४३४३**
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।




## तापली गाउँपालिकाको कार्यालय

**रूपाटार, उदयपुर १ नं. प्रदेश नेपाल**






प्रोपाइटर - कैलाश चामलिङ राई ।
सम्पर्क - ९८६२८३४६५६ ९८४२९८३५१०






## सस्तोमा गिफ्टका सामान र गुडीया

**खुवालुङ गुडीया सप्लायर्स**



त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : **एनुका राई** *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

# युरोकपको सेमिफाइनल यस्तो रह्यो

❖ बिबेक राई

*गाईघाट, असार २५*

युरोपियन फुटबल च्याम्पियनसिप (यूरोकप) को १६ औँ संस्करण अहिले यूरोपमा चलिरहेको छ। विश्वकपपछि सर्वाधिक लोकप्रिय प्रतियोगिता जसलाई मिनि वर्ल्डकप पनि भनिन्छ अहिले यसले विश्वको फुटबलप्रेमीहरुको ध्यान तानिरहेको छ।

अहिले दक्षिण अमेरिकाको कोपा अमेरिका कप पनि उता ब्राजिलमा चलिरहेको भए पनि यूरोकप जतिको ध्यान तान्न सकेको छैन। यूरोकपको १६ औँ संस्करण गतवर्ष नै हुने मिति तोकिएपनि कोरोनाले प्रभावित भएपछि यसवर्ष २०२१ मा गरियो। तरपनि यसको नाम यूरोकप २०२० नै राखिएको छ।

यूरोकपको आयोजना विगतमाझैँ एक वा दुई देशमात्र नभएर यसपटक कोरोनाको कारण यूरोपको विभिन्न ११ देशको ११ शहरमा गरियो। तर सेमिफाइनलका दुई खेल र फाइनलको एक गरि अन्तिम तीन खेल भने इंग्ल्याण्डको राजधानी लण्डनमा हुनेछ। यूरोकपको अध्याय पनि अब अन्तिमतिर आइपुगेको छ। यूरोकपको सबै खेलहरु सकिएर अब फाइनल खेलमात्र बाँकी छ। अर्थात अब १६ औँ संस्करणको विजेताको छिनोफानो हुनमात्र बाँकी छ। फाइनलमा ईटाली र इंग्ल्याण्ड पुगिसकेका छन्।

यूरोकपको लागि ईटाली एकपटकको उपाधि विजेता र दुईपटक दोस्रो स्थान हाँसिल गर्ने एक सफल टोली होभने इंग्ल्याण्डले अहिलेसम्म यूरोकपको फाइनल नै खेलेको छैन। यद्यपि इंग्ल्याण्डलाई यसपटक उपाधिजितेर ईतिहाँस रच्ने मौका छ। सुरुमा त यस यूरोकपको छनौट खेल्दा इंग्ल्याण्ड पहिलो समुह अर्थात समुह ए र ईटाली अन्तिम दशौँ समुह अर्थात समुह जे मा परेको थियो। दुवै टोलीले आ-आफ्नो समुहको विजेता बन्दै छनौट भएर यहाँसम्म आइपुगेका थिए। यहाँ आएपछि ईटाली समुह ए र इंग्ल्याण्ड समुह डी मा परेको थियो।

गज्जबको संयोग त के रह्योभने छनौट खेलजस्तै यूरोकपमा आएरपनि दुवै टोली आ-आफ्नो समुहको समुह विजेता बन्दै समुह चरण पार गर्न सफल भए। अर्को संयोग त दुवैले आ-आफ्नो समुहमा एउटै खेल नहारि अपराजित रहँदै समुह विजेता भएका थिए। तर ईटालीले समुहको तीनै खेल जीतेको थियोभने इंग्ल्याण्ड समुहको तीनमध्ये एकमा बराबरी र दुईमा जीत निकालेको थियो। समुह चरणमा यी दुई टोलीको लागि अर्को संयोग के रह्योभने दुवैको समुहबाट जम्मा तीनतीन टोलीले समुह चरण पार गर्दै शिर्ष १६ मा आइपुगेका थिए।

छ समुहका विजेता र उपविजेता स्वत: शिर्ष१६ मा जानु पाउने नियम थियोभने ती छ समुहका तेस्रो हुने टोलीमध्ये उत्कृष्ट चार वटा टोलीले पनि शिर्ष १६ आउनु पाउँथ्यो। उद्घाटन खेलमै टर्कीलाई ३-० ले हराउँदै शानदार सुरुवात गरेको ईटालीले स्वीजरल्याण्डलाई पनि ३-० ले नै र वेल्सलाई १-० ले हराउँदै समुह विजेता बनेको थियो। पछि वेल्स र स्वीजरल्याण्ड पनि ईटालीसँगै शिर्ष १६ अर्थात नकआउट चरणमा आउन सफल भएको थियो। यता इंग्ल्याण्डले क्रोएशियालाई १-० ले हराएपछि स्कटल्याण्डसँग गोलरहित बराबरी खेल्दै अन्तिम तेस्रो खेलमा चेक रिपब्लिकलाई १-० ले नै हराउँदै समुह विजेता बनेको थियो।

इंग्ल्याण्डसँगै क्रोएशिया र चेक रिपब्लिक पनि समुह चरण पार गर्दै शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलमा आइपुग्न सफल भएका थिए। नकआउट चरणमा आएपछि भने ईटालीको यहाँसम्मको यात्रा इंग्ल्याण्डको भन्दा कठिन देखियो। प्रि-क्वाटरफाइनलमा अतिरिक्त समय थप भएको खेलमा अष्ट्रियालाई मुस्किलले २-१ ले हराएको ईटालीले क्वाटरफाइनलमा निर्धारित समयभित्रमा नै बेल्जीयमलाई २-१ ले हराएको

बाकि ३ पेजमा-

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा।

ब्यबस्थापक -९८४२९८५१८८




# आकर्षक घर बिक्रिमा



# भिमरैता हस्पिटलको सेवा

# गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ।




माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट